# आ.व. २०८३।०८४, बजेट वक्तव्य

सभाध्यक्षज्यू, नगर सभाका सदस्यज्यूहरु, संचारकर्मीज्यूहरु सम्पूर्ण नगरवासी दाजुभाइ तथा दिदीबहिनीहरू।

नेपालको संविधानले परिकल्पना गरेको समृद्ध, आत्मनिर्भर र सुशासित स्थानीय सरकार निर्माण गर्ने हाम्रो साझा अभियानलाई थप सशक्त बनाउने उद्देश्यका साथ वालिङ नगरपालिकाको विसौं नगरसभामा आर्थिक वर्ष २०८३/०८४ को वार्षिक बजेट प्रस्तुत गर्न पाउँदा गौरवान्वित महसुस गरेको छु। स्थानीय सरकार सञ्चालन ऐन, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन तथा नगरसभाबाट मिति २०८३।०३।०७ मा स्वीकृत भएको नीति तथा कार्यक्रमको मार्गदर्शन भित्र रहि यो बजेट तर्जुमा गरिएको छ।

आज हामी यस वालिङ नगरपालिकाको आगामी आ.व. २०८३।०८४ को वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने क्रममा यस गरिमामय सभामा उपस्थित भएका छौ । १२८.४१ वर्ग कि.मि. क्षेत्रफल ओगटेको वालिङ नगरपालिका आधिखोलाको दाँया बायाँ फैलिएको सानो पहाडी उपत्यका र सो लगायत अन्य पहाही भुभाग समेटिएको क्षेत्र हो । यस पावन भूमिमा उपस्थित भई बजेट प्रस्तुत गर्न पाउँदा गौरवान्वित छु ।

यस महत्वपूर्ण अवसरमा लोकतन्त्रको प्राप्ति र गणतन्त्रको स्थापनाको लागी विभिन्न कालखण्डमा र आन्दोलनको क्रममा ज्यान आहुति गर्नुहुने ज्ञातअज्ञात शहितहरु प्रति हार्दिक श्रद्धासुमन अर्पण गर्नुका साथै आन्दोलनका क्रममा भएका आहतहरुप्रति समानुभुति व्यक्त गर्दछु ।

**सभाध्यक्ष महोदय,**

यस बजेटले "समृद्ध वालिङ, स्वस्थ वालिङ, हरित वालिङ र आत्मनिर्भर वालिङ" निर्माण गर्ने दीर्घकालीन सोचलाई आत्मसात गरेको छ। सीमित स्रोत र बढ्दो जनअपेक्षाबीच

वित्तीय अनुशासन कायम गर्दै उत्पादन, रोजगारी, स्वास्थ्य, शिक्षा, कृषि आधुनिकीकरण, पूर्वाधार विकास, वातावरण संरक्षण, पर्यटन प्रवर्द्धन तथा सुशासनलाई उच्च प्राथमिकतामा राख्ने तर्फ यो वजेट केन्द्रित छ ।विकासको प्रतिफल नगरका सबै नागरिकसम्म समान रूपमा पुऱ्याउन सक्ने गरी समावेशी, उत्तरदायी र परिणाममुखी बजेट निर्माण गर्ने प्रयास गरिएको छ ।

आर्थिक वर्ष २०८३/०८४ का लागि प्रस्तुत बजेटले कृषि, पर्यटन, उद्योग तथा उद्यमशीलताको माध्यमबाट स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउने लक्ष्य लिएको छ। किसानको उत्पादन वृद्धि, कृषि उपजको बजारीकरण, सिँचाइ विस्तार, आधुनिक प्रविधिको प्रयोग तथा युवा उद्यमशीलतालाई प्रोत्साहन गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ। साथै वालिङको प्राकृतिक, धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाको संरक्षण गर्दै पर्यटन क्षेत्रलाई नगरको आर्थिक समृद्धिको प्रमुख आधारका रूपमा विकास गरिनेछ ।

स्वास्थ्य क्षेत्रमा गुणस्तरीय, पहुँचयोग्य र नागरिकमैत्री सेवा प्रवाहलाई प्राथमिकता दिइएको छ। नसर्ने रोग, मानसिक स्वास्थ्य, मातृ तथा शिशु स्वास्थ्य, पोषण सुधार, ज्येष्ठ नागरिक स्वास्थ्य सेवा तथा समुदायमा आधारित स्वास्थ्य कार्यक्रमलाई थप सुदृढ गरिनेछ। शिक्षा क्षेत्रमा गुणस्तरीय शिक्षाको सुनिश्चितता, प्रविधिमैत्री सिकाइ, विद्यालय पूर्वाधार सुधार तथा सीपमूलक शिक्षालाई विशेष जोड दिइएको छ। साथै महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा विपन्न समुदायको सामाजिक संरक्षण र सशक्तीकरणका कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ।

पूर्वाधार विकासतर्फ नगरभित्रका सडक, पुल, खानेपानी, सिंचाइ, ऊर्जा, सूचना प्रविधि तथा शहरी पूर्वाधारको दिगो विकासमा लगानी केन्द्रित गरिएको छ। वातावरण संरक्षण, फोहोरमैला व्यवस्थापन, जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरणका कार्यक्रमहरूलाई समेत विशेष प्राथमिकता प्रदान गरिएको छ। सार्वजनिक सेवा प्रवाहलाई

थप छरितो, पारदर्शी र प्रविधिमैत्री बनाउँदै सुशासन तथा संस्थागत क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछन्।

आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति, कार्यक्रम तथा वजेट कार्यान्वयनको क्रममा नगरपालिकाले उपलब्ध स्रोत, साधन र जनशक्तिको अधिकतम उपयोग गर्दै नगरवासीको जीवनस्तर उकास्ने विभिन्न कार्यक्रमहरु संचालन गरिएको छ । चालु आर्थिक वर्षको अन्त्यतिर आईपुग्दा हामिले प्राप्त गरेका उपलब्धि, सिकाई, चुनौति तथा वित्तिय अवस्थाको समिक्षा गर्नु आवश्यक ठानेका छौं ।

चालु आर्थिक वर्षमा नगरपालिकाले शिक्षा , स्वास्थ्य , कृषि , पूर्वाधार विकास, पर्यटन, सामाजिका विकास, वातावरण संरक्षण तथा सुशासन प्रवर्द्धनका क्षेत्रमा उल्लेखनिय कार्यक्रमहरु संचालन गरेको छ । सिमित श्रोत र बढ्दो आवश्यक्ताबिच पनि विकास निर्माण तथा सेवा प्रवाहलाई निरन्तरता दिईएको छ । विशेष गरी स्वास्थ्य क्षेत्रमा समुदायस्तरमा स्वास्थ्य सेवा विस्तार नसर्ने रोगको पहिचान तथा व्यवस्थापन, आमा तथा वाल स्वास्थ्य कार्यक्रम, पोषण सुधार तथा स्वास्थ्य पूर्वाधार सुदृढिकरण कार्यहरु सम्पन्न भएका छन ।

शिक्षा क्षेत्रमा विद्यालयको भौतिक पूर्वाधार सुधार, शैक्षिक गुणस्तर अभिबृद्धि, प्रविधिमैत्री शिक्षण सिकाई तथा विद्यार्थीमैत्री कार्यक्रमहरु संचालन गरिएका छन । कृषि क्षेत्रमा उत्पादन बृद्धि, किसान क्षमता विकास, सिंचाई सुविधा विस्तार तथा कृषि व्यवसायीकरणका कार्यक्रमहरु कार्यान्वयन गरिएका छन । त्यस्तै सडक, पुल, खानेपानी, सिंचाई तथा अन्य पूर्वाधार निर्माणका कार्यहरु योजनाअनुसार अगाडी वढाईएका छन ।

सामाजिक विकास तथा समावेशिकरणतर्फ महिला , बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा विपन्न वर्गलाई लक्षित कार्यक्रमहरु संचालन गरिएका छन । वातावरण संरक्षण, सरसफाई तथा विपद व्यवस्थापनका क्षेत्रमा समेत विभिन्न गतिविधिहरु

सम्पन्न भएका छन । साथै सार्वजनिक सेवा प्रवाहलाई थप प्रभावकारी , पारदर्शी र प्रविधिमैत्री वनाउन संस्थागत सुधारका कार्यहरु निरन्तर अघि वढाईएका छन ।

**सभाध्यक्षज्यू एवम सभाका सदस्यज्यूहरु**

अब म चालु आ.व. २०८२।०८३ को हाल सम्मको आय र व्ययको अवस्थाको बारेमा संक्षिप्त विवरण प्रस्तुत गर्न चाहन्छु ।

चालु आ.व. २०८२।०८३ मा विभिन्न नीति, ४ वटा ऐन र नियमावली एवम् ७ वटा कार्यविधिहरु र १ आचारसंहिता तर्जुमा भई कार्यान्वयनमा आएका छन । यसका साथै नगरस्तरीय महत्वपूर्ण योजनाहरु सम्पन्न भएका छन । संघ र प्रदेश सरकारसँगको लागत साझेदारीमा संचालनमा रहेका समपुरक योजनाहरु यसै आर्थिक बर्ष भित्र पुरा हुने क्रममा रहेका छन ।

चालु आ.व. २०८२।०८३ को कुल प्रस्तावित बजेट रु. १ अर्ब १ करोड १३ लाख ६१ हजार रहेकोमा २०८३ असार ८ गते सम्मको यथार्थ आय रु. ८७ करोड ९१ लाख १० हजार रहेको छ । सो मध्ये चालु तर्फ रु ४६ करोड ७८ लाख २४ हजार र पुँजीगत तर्फ २० करोड २० लाख ११ हजार खर्च भई समग्रमा ६६.२३ प्रतिशत प्रगति हासिल भएको छ।सो अन्तरगत यस आ.व. २०८२।०८३ को संघीय सशर्त अनुदान तर्फ रु ४८ करोड ९० लाख अनुमान गरिएकोमा हालसम्म रु ४९ करोड २ लाख ८३ हजार प्राप्त भएको छ ।त्यस मध्ये चालु तर्फ ३७ करोड २८ लाख ७ हजार ७ सय ५७ खर्च भएको छ भने पुँजीगत तर्फ रु ४ करोड ११ लाख ४९ हजार ९ सय १० खर्च भएको छ। यसरी समग्रमा सशर्त अनुदान तर्फ ७१.२७ प्रतिशत प्रगति भएको देखिन्छ। संघीय सरकार वित्तिय समानीकरण अनुदान तर्फ प्राप्त रु १५ करोड ७ लाखको सिलिङ मध्ये हालसम्म रु १३ करोड ७८

लाख १५ हजार प्राप्त भएको छ। त्यसैगरि संघीय सरकार समपुरक अनुदान तर्फ प्राप्त ९१ लाखको सिलिङ मध्ये हाल सम्म ५० लाख प्राप्त भएको छ, संघीय सरकार विशेष अनुदान तर्फ प्राप्त १ करोड ४५ लाखको सिलिङ मध्ये रु ७२ लाख ५० हजार मात्र प्राप्त भएको छ ,संघीय सरकार राजश्व बाँडफाँड तर्फ प्राप्त ११ करोड २१ लाख ७६ हजार सिलिङ मध्ये रु ९ करोड ६९ लाख ७० हजार मात्र प्राप्त भएको छ ।

त्यसै गरि प्रदेश सरकारको समानीकरण अनुदान तर्फ प्राप्त २ करोड ०४ लाख २४ हजार सिलिङ मध्ये सबै रकम प्राप्त भएको छ भने समपुरक अनुदान तर्फ रु ६० लाख मध्ये ४० लाख ९६ हजार प्राप्त भएको छ र राजश्व वाँडफाँड तर्फ रु १ करोड ४८ लाख ७२ हजार मध्ये रु ८६ लाख ६६ हजार प्राप्त भएको देखिन्छ ।

उपरोक्त अनुसार हेर्दा चालु आवमा प्रस्ताव गरिएको कुल आय रकम रु १ अर्व १ करोड १३ लाख ६१ हजार मध्ये हाल सम्म रु ८५ करोड ५७ लाख ६० हजार ४ सय ७५ प्राप्त भएकोमा प्रस्तावित अनुपातमा ८४.६१ प्रतिशत मात्र यथार्थ प्राप्त भएको देखिन्छ। तसर्थ, संघीय सरकार र प्रदेश सरकाराबाट हस्तान्तरण हुने वित्तिय समानीकरण अनुदान र राजश्व बाँडफाँडबाट प्राप्त हुने अनुदान रकम सबै प्राप्त नहुदा र आन्तरिक राजश्व लक्ष्य बमोजिम प्राप्त नहुँदा स्रोतमा अत्याधिक चाँप पर्न जाने देखिन्छ। यस्तो वित्तिय न्यूनताले चालु अवस्थाका योजना तथा कार्यक्रमहरु कार्यान्वयनमा चुनौति थपिएको छ ।

सभाध्यक्ष महोदय ,

अव म आ.व. २०८२।०८३ को क्षेत्रगत बजेट तथा यथार्थ खर्च विवरण पेश गर्न चाहन्छु ।

**आर्थिक विकास क्षेत्र**

आर्थिक विकास क्षेत्र अन्तर्गत कृषि, पशु विकास, पर्यटन, सहकारी, उद्योग आदि क्षेत्रमा रु ८ करोड ५७ लाख ५ हजार विनियोजन गरिएकोमा हालसम्म रु ३ करोड ८४ लाख ३८ हजार खर्च भएको छ । जुन विनियोजित रकमको ४४.८४ प्रतिशत हुन आउछ ।

## सामाजिक विकास क्षेत्र

सामाजिक विकास क्षेत्र अन्तर्गत शिक्षा तथा खेलकुद, स्वास्थ्य, खानेपानी तथा सरसफाई, महिला, बालबालिका, युवा समावेशी विकास, लक्षित समूह विकासमा आ.व. २०८२।०८३ का लागि रु ५१ करोड ९४ लाख विनियोजन गरिएकोमा हाल सम्म रु ३७ करोड ४४ लाख ५४ हजार खर्च भएको छ । जुन विनियोजित बजेटको ७२.०९ प्रतिशत हुन आउँछ ।

## पूर्वाधार विकास

पूर्वाधार विकास क्षेत्र अन्तगर्तका उपक्षेत्रहरु सडक, पुल, सिँचाई, आवास, शहरी विकास, भवन, सञ्चार, विज्ञान तथा प्रविधिमा आ.व. २०८२।०८३ मा रु २४ करोड ५७ लाख ७१ हजार विनियोजन गरिएको थियो । यसमा हाल सम्म रु १५ करोड ०४ लाख ४६ हजार खर्च भएको छ । जुन विनियोजित बजेटको ६१.२१ प्रतिशत हुन आउँछ ।

## बन, वातावरण र विपद व्यवस्थापन

बन, वातावरण र विपद व्यवस्थापन अन्तर्गत सामुदायिक बन, भु संक्षरण तथा जलाधार संरक्षण, फोहोरमैला व्यवस्थापन, प्रकोप नियन्त्रण, जलवायु परिवर्तन अनुकुलताका कार्यक्रमहरु पर्दछन । यसमा चालु आ.व. मा रु ७८ लाख ७५ हजार विनियोजन गरिएकोमा रु ४२ लाख ११ हजार खर्च भएको छ । जुन विनियोजिन रु ५३.४८ प्रतिशत खर्च भएको छ ।

## सुशासन तथा संस्थागत विकास

चालु आ.व. २०८२।०८३ मा सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र तर्फ रु ३ करोड ५ लाख ५८ हजार विनियोजन गरिएकोमा हालसम्म रु १ करोड ४४ लाख १३ हजार खर्च भएको छ । जुन कुल विनियोजित बजेटको ४७.१६ प्रतिशत हुन आउँछ ।

**सभाध्यक्षज्यू तथा सभाका सदस्यज्यूहरु**

अब म अगामी आ.व. २०८३।०८४ को बजेटको लक्ष्य, उद्धेश्य एवम बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्बन गरिएका प्रमुख नीति तथा आधारहरु प्रस्तुत गर्दछु ।

**बजेटको सोच, लक्ष्य, उद्धेश्यहरु**

**सोचः** "स्मार्ट नागरिकः स्मार्ट वालिङ" मार्फत "सुखी वालिङबासी समृद्ध वालिङ" रहेको छ ।

**लक्ष्य**

"वालिङको सन्तुलित, समावेशी तथा दिगो विकासमार्फत नगरवासीको जीवनस्तरमा गुणात्मक सुधार ल्याउने ।

**उद्धेश्यः**

यस बजेटले उपलब्ध स्रोत र साधनको अधिकतम परिचालन गर्दै सन्तुलित विकास, सामाजिक न्याय, आर्थिक समृद्धि, सुशासन तथा नगरवासीको जीवनस्तरमा गुणात्मक सुधार ल्याउने उद्देश्यलाई केन्द्रमा राखेको छ ।अन्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन ।

१. नगरका सबै वडा तथा समुदायमा विकासका अवसर र सेवाको समान पहुँच सुनिश्चित गर्दै सन्तुलित क्षेत्रीय विकास हासिल गर्ने।

२. गुणस्तरीय शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइ तथा सामाजिक सुरक्षामा नागरिकको पहुँच अभिवृद्धि गर्ने।

३. कृषि, पर्यटन, उद्यमशीलता तथा रोजगारीका अवसर विस्तार गरी स्थानीय अर्थतन्त्रलाई सबल र आत्मनिर्भर बनाउने।

४. दिगो तथा वातावरणमैत्री पूर्वाधार विकासमार्फत सुरक्षित, व्यवस्थित र सुविधासम्पन्न नगर निर्माण गर्ने।

५. सुशासन, पारदर्शिता, उत्तरदायित्व र नागरिक सहभागिता अभिवृद्धि गर्दै प्रभावकारी सेवा प्रवाह सुनिश्चित गर्ने।

६. महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा विपन्न समुदायको सशक्तीकरण र सामाजिक समावेशीकरणलाई प्रवर्द्धन गर्ने।

७. वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरणमार्फत दिगो विकासको आधार सुदृढ गर्ने ।

**समग्र नीति**

- समृद्ध, सुशासित, स्वस्थ, शिक्षित, हरित र आत्मनिर्भर वालिङ निर्माण" गर्ने दीर्घकालीन सोचलाई आत्मसात गर्दै नगरका सबै क्षेत्र, वर्ग, समुदाय र भूगोललाई विकासको मूल प्रवाहमा समेटिनेछ। स्थानीय स्रोत, साधन, सीप, प्रविधि र सम्भावनाको अधिकतम परिचालन गरी उत्पादन, उत्पादकत्व, रोजगारी तथा आयआर्जन अभिवृद्धि गरिनेछ। विकासका अवसर र सेवाहरूमा सबै नागरिकको समान पहुँच सुनिश्चित गर्दै सामाजिक न्याय, समावेशिता र समतामूलक विकासलाई प्राथमिकतामा राखिनेछ।
- गुणस्तरीय शिक्षा, सर्वसुलभ स्वास्थ्य सेवा, सुरक्षित खानेपानी, सरसफाइ, सामाजिक सुरक्षा तथा मानव विकासका सूचकहरूमा सुधार ल्याई नागरिकको जीवनस्तरमा

गुणात्मक परिवर्तन गरिनेछ। कृषि, पर्यटन, उद्योग, व्यवसाय तथा उद्यमशीलताको प्रवर्द्धनमार्फत स्थानीय अर्थतन्त्रलाई सबल, प्रतिस्पर्धी र आत्मनिर्भर बनाइनेछ। नगरका ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण र प्रवर्द्धन गर्दै पर्यटन विकासलाई आर्थिक समृद्धिको महत्वपूर्ण आधारका रूपमा स्थापित गरिनेछ।

- सडक, पुल, सिंचाइ, खानेपानी, सूचना प्रविधि तथा शहरी पूर्वाधारको योजनाबद्ध र दिगो विकासमार्फत आधुनिक, व्यवस्थित र सुविधासम्पन्न नगर निर्माण गरिनेछ। वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकूलन, हरित विकास तथा विपद् जोखिम न्यूनीकरणलाई विकास प्रक्रियाको अभिन्न अंगका रूपमा अवलम्बन गरिनेछ।
- सुशासन, पारदर्शिता, जवाफदेहिता, वित्तीय अनुशासन तथा प्रविधिमैत्री सेवा प्रवाहलाई सुदृढ गर्दै जनउत्तरदायी स्थानीय सरकारको रूपमा नगरपालिकाको संस्थागत क्षमता अभिवृद्धि गरिनेछ। नागरिक सहभागिता, सार्वजनिक—निजी—सहकारी साझेदारी तथा अन्तरसरकारी समन्वयलाई प्रभावकारी बनाउँदै विकासको प्रतिफल प्रत्येक नागरिकसम्म पुऱ्याउने नीति अवलम्बन गरिनेछ।
- “सन्तुलित विकास, समावेशी समृद्धि र गुणस्तरीय जीवन” लाई मूल मन्त्रका रूपमा आत्मसात गर्दै वालिङ नगरपालिकालाई आर्थिक, सामाजिक, सांस्कृतिक तथा वातावरणीय दृष्टिले नमुना, समुन्नत र नागरिकमैत्री नगरका रूपमा विकास गर्ने नीति लिइनेछ।

## वजेट तर्जुमा आधारहरु

आर्थिक वर्ष २०८३/०८४ को बजेट तर्जुमा गर्दा नेपालको संविधान, प्रचलित कानुन, संघीय तथा प्रदेश सरकारका नीति, स्थानीय आवश्यकता र नगरवासीका अपेक्षालाई आधार बनाइएको छ। बजेट तर्जुमाका प्रमुख आधारहरू निम्नानुसार रहेका छन्—

१. नेपालको संविधानले परिकल्पना गरेको समाजवाद उन्मुख, समृद्ध र समावेशी अर्थतन्त्र निर्माण गर्ने राष्ट्रिय लक्ष्य।

२. सोह्रौं आवधिक योजना, दिगो विकास लक्ष्य (SDGs), राष्ट्रिय विकास नीति तथा संघीय र गण्डकी प्रदेश सरकारका नीति, कार्यक्रम तथा बजेटका प्राथमिकताहरू।

३. स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका सिफारिस तथा प्रचलित कानुनी व्यवस्थाहरू।

४. वालिङ नगरपालिकाको आवधिक विकास योजना, मध्यमकालीन खर्च संरचना, विषयगत रणनीति तथा नगरसभाबाट स्वीकृत नीति तथा कार्यक्रम।

५. आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वातावरण संरक्षण तथा सुशासनका क्षेत्रगत प्राथमिकता र आवश्यकता।

६. स्थानीय स्रोत, साधन, सम्भावना तथा आन्तरिक आय अभिवृद्धिको क्षमता।

७. कृषि, पर्यटन, उद्यमशीलता, रोजगारी सिर्जना तथा उत्पादनमूलक क्षेत्रको प्रवर्द्धनमार्फत स्थानीय अर्थतन्त्र सुदृढीकरण गर्ने आवश्यकता।

८. शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइ, पोषण तथा सामाजिक सुरक्षामा नागरिकको पहुँच र गुणस्तर अभिवृद्धि गर्ने आवश्यकता।

९. महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, जनजाति तथा विपन्न समुदायको सशक्तीकरण र समावेशी विकासको अवधारणा।

१०. जलवायु परिवर्तन अनुकूलन, वातावरण संरक्षण, विपद् जोखिम न्यूनीकरण तथा दिगो विकासका लक्षहरू ।

११. वित्तीय अनुशासन, मितव्ययिता, पारदर्शिता, जवाफदेहिता तथा नतिजामूलक बजेट प्रणालीको अवधारणा ।

१२. वडा तह, विषयगत समिति, राजनीतिक दल, नागरिक समाज, निजी क्षेत्र, सहकारी क्षेत्र, सरोकारवाला निकाय तथा नगरवासीबाट प्राप्त सुझावहरू ।

१३. चालु आर्थिक वर्षको वित्तीय तथा भौतिक प्रगति, प्राप्त उपलब्धि, सिकाइ तथा सुधार गर्नुपर्ने पक्षहरूको समीक्षा।

१४. विकासका अवसरहरूको न्यायोचित वितरण गर्दै नगरका सबै वडा र समुदायमा सन्तुलित विकास सुनिश्चित गर्ने आवश्यकता।

१५. "समृद्ध, स्वस्थ, शिक्षित, हरित र आत्मनिर्भर वालिङ निर्माण" गर्ने नगरपालिकाको दीर्घकालीन सोच र लक्ष्य।

**<u>सभाध्यक्ष महोदय</u>**

अब म आगामी आव २०८३।०८४ को आय व्यय को अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**<u>आय अनुमानः</u>**

आ.व. २०८३।०८४ मा रु ८९ करोड १ लाख १९<u>५९</u> हजार ७ सय ३६ को आय अनुमान पेश गरेको छु। जसमा संघीय सरकारको वित्तिय हस्तान्तरण अन्तर्गत समानीकरण अनुदान तर्फ रु १५ करोड २९ लाख, सशर्त अनुदान तर्फ रु ४४ करोड २७ लाख, समपुरक अनुदान तर्फ रु १ करोड ६० लाख र राजश्व बाँडफाँड तर्फ रु ११ करोड ६४ लाख ५८ हजार अनुमान गरेको छु। त्यसैगरी, प्रदेश सरकार वित्तिय समानीकरण अनुदान तर्फ रु २ करोड ४ लाख ४० हजार, विशेष अनुदान तर्फ रु ३९ लाख ८ हजार, समपुरक अनुदान तर्फ रु ६० लाख र

प्रदेश राजश्व बाँडफाँड तर्फ रु १ करोड ४७ लाख ५३ हजार ७ सय ३६ प्राप्त हुने अनुमान गरेको छु।

वालिङ नगरपालिकाको आन्तरिक राजश्व तर्फ रु ९ करोड र संचित कोषमा वचत हुन जाने नगद मौज्दात २ करोड ७० लाख वचत हुने अनुमान गरेको छु।आन्तरिक आय तर्फ कर दस्तुर शुल्क दण्ड जरिवाना लगायतबाट आन्तरिक आयको श्रोत तर्फ कर दस्तुर शुल्क दण्ड जरिवाना लगायतबाट प्राप्त हुने प्रस्ताव गरेको छु । यस्ता कर दस्तुर शुल्क दण्ड जरिवाना लगायतका आय प्राप्तिका दररेटहरु आर्थिक विधेयकमा समावेस गरेको छु । आय प्रस्ताव अन्तरगत अन्तर सरकारी अख्तियारीबाट सामाजिक सुरक्षा भत्ता, सडक वोर्ड लगायत अन्य निकायबाट प्राप्त हुने आयलाई वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरिएको छैन।

व्यय अनुमानः

आगामि आ.व. २०८३।०८४ को लागि रु ८९ करोड १ लाख ५९ हजार ७ सय ३६ व्यय अनुमान गरेको छु । जस मध्ये चालु खर्च तर्फ ६१ करोड ९७ लाख ११ हजार ७ सय ३६ रुपैया र पुँजीगत तर्फ २६ करोड ५४ लाख ४८ हजार र वालिङ नगरपालिकाको वस पार्क निर्माणका लागि नगर विकास कोष संग भएको सम्झौता बमोजिम सावा र व्याज भूक्तानी गर्नका लागि वित्तिय व्यवस्था अन्तरगत रु ५० लाखको व्यय प्रस्ताव गरेको छु। आय र व्याय सम्बन्धि विस्तृत विवरण छुट्टै अनुसूचिमा उल्लेख गरेको छु ।

सभाअध्यक्ष महोदय ,

अव म आगामि आर्थिक वर्ष २०८३।०८४ को क्षेत्रगत कार्यक्रम र सोको लागि विनियोजन प्रस्ताव प्रस्तुत गर्दछु ।

**आर्थिक विकास**

आर्थिक विकास अन्तरगत (कृषि, पशु, उद्योग,पर्यटन, सहकारी ) लगायतका क्षेत्रमा निशर्त तर्फ २ करोड ४५ लाख ८५ हजार र शसर्त अनुदान तर्फ रु १ करोड ३९ लाख ९० हजार गरि जम्मा रु ३ करोड ८५ लाख ७५ हजार विनियोजन गरेको छु । जुन कुल विनियोजनको ४.३३ प्रतिशत हुन जाने देखिन्छ ।

**सामाजिक विकास**

सामाजिम विकास तर्फ शिक्षा, जनस्वास्थ्य, लक्षित वर्ग (GEDSI) , युवा तथा खेलकुद तर्फका योजना, कार्यक्रम तथा कृयाकलापहरु संचालन गर्न निशर्त तर्फ रु २ करोड ९५ लाख २ हजार र शसर्त अनुदान तर्फ रु ४४ करोड ८ लाख ५ हजार गरि जम्मा ४७ करोड ३० लाख ७ हजार वजेट प्रस्ताव गरेको छु, जुन कुल विनियोजनको ५२.८३ प्रतिशत हुन जान्छ ।

**पूर्वाधार विकास**

पूर्वाधार विकास तर्फ सडक / पुल, भवन, खानेपानी, सिंचाई, नगरपालिकाको भौतिक पूर्वाधार विकास समेतका लागि निशर्त तर्फ रु १७ करोड २० लाख ८६ हजार र शसर्त अनुदान तर्फ रु ३ करोड १ लाख ८० हजार गरि जम्मा रु २० करोड २२ लाख ६६ हजारको खर्च प्रस्ताव पेश गरेको छु ,जुन कुल प्रस्तावित वजेटको २२.७२ प्रतिशत हुन जाने देखिन्छ ।

**बन वातावरण तथा विपद व्यवस्थापन**

वन, वाताववरण र विपद व्यवस्थापन तर्फ वातावरण संरक्षण, शहरी सौन्दर्यकरण, फोहोरमैला व्यवस्थापन, वारुण यन्त्र संचालन लगायतका क्षेत्रमा संचालन हुने कार्यक्रम तथा कृयाकलापहरुको लागी र ९३ लाख प्रस्ताव गरेको छु जुन कुल वजेटको १.४ प्रतिशत हुन जाने देखिन्छ ।

## सुशासन तथा संस्थागत क्षमता विकास

सुशासन र संस्थागत क्षमता विकास तर्फ सूचना प्रविधि सुशासन प्रवर्धन क्षमता विकास कार्यालय संचालन तलव भत्ता र प्रशासनिक खर्च समेत गरि रु १६ करोड ९७ लाख ११ हजार ७ सय ३६ प्रस्ताव गरिएको छ , जुन कुल बजेटको १९.०६ प्रतिशत हुने देखिन्छ ।

सभाध्यक्षज्यू तथा सभाका सदस्यज्यूहरु

आर्थिक वर्ष २०८३।०८४ को लागी आयव्याय अनुमान प्रस्तुत गरिरहदा संघीय एवम् प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन तथा प्रचलित संघीय तथा प्रदेश ऐन नियमहरुको पूर्ण परिपालन गर्दै सिमित स्रोत साधनका बावजुद यस पालिकाले लिईएका नीति तथा कार्यक्रमहरुसँग तादम्यता मिलाउने प्रयास गरेको छु । प्रस्तावित बजेट तर्जुमा गर्दा पालिकाले लिएको क्षेत्रगत प्राथमिकता आम नागरिकबाट प्रदान गरिएका राय सुझावहरुलाई उपलब्ध स्रोत साधनहरुको सिमा भित्र रहि समेटने प्रयास गरेको छु । नगरपालिकाको स्रोत साधनले धान्न नसकेका ठुला आयोजनाहरु संघ तथा प्रदेश सरकारको सहकार्यमा सञ्चालन गर्न समपुरक कोष तर्फ स्रोतको व्यवस्था गरेको छु। साथै थप आयोजना सञ्चालन गर्नको लागी पहल समेत गरिने व्यहोरा समेत अनुरोध गर्न चाहन्छु । अन्तमा प्रस्तुत बजेट तर्जुमा गर्ने क्रममा आ-आफ्नो तर्फबाट सहयोग पुर्याउनुहुने राजनितिक दल, जनप्रतिनिधिहरु, सञ्चारकर्मीहरु, आम नगरबासीहरु, यस पालिकाका सम्पूर्ण कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु । साथै, प्रस्तुत बजेट कार्यान्वयनमा सम्पूर्ण सरोकारवालाहरुको साथ र सहयोगको अपेक्षा गरेको छु ।

धन्यवाद, जय वालिङ।